नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाण्डौं

## सूची दर्ता गराउने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०७४/०४/८**

यस विभागको लागि आ. व. २०७४/७५ मा आवश्यक पर्ने तपसिल बमोजिमका वस्तु तथा सेवा आपूर्ति गराउन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम छुट्टाछुट्टै मौजुदा सूची (Standing List) दर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस विभागको मुल दर्ता फाँटमा सूची दर्ताको लागि कालोसूचीमा नपरेको स्वयम् घोषणापत्र, पूर्ण ठेगाना, सम्पर्क व्यक्ती, सम्पर्क फो नं. प्रष्ट खुलाई रितपुर्वकको अनुसूची २ क बमोजिमको दरखास्त दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**(क) खरिद तथा आपूर्ति तर्फः**

१. स्टेशनरी तथा मसलन्द सम्बन्धी ।
२. छपाई सम्बन्धी ।
३. मेशिनरी उपकरणहरु (कम्पुटर, प्रिन्टर, फोटोकपि र फ्याक्स आदी र सोका पार्टपूर्जा)
४. फर्निचर तथा फिक्चर्स ।
५. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामानहरु ।
६. पिउने पानी ।

**(ख) मर्मत तर्फ :**

१. सवारी साधनका पार्टपुर्जाहरु लगाएत मर्मत कार्यहरु ।
२. भवन तथा भौतिक संरचना मर्मत सुधार, रंगरोगन सम्बन्धि कार्य, निर्माण सामान आपूर्ति ।
३. कम्प्युटर, फोटोकपि, प्रिन्टर, स्क्यानर, प्रोजेक्टर, यु.पि.एस. आदी ।
४. टेलीफोन इन्टरकम सिष्टम (EPABX) एयर कण्डिसन, जेनेरेटर आदी ।

**(ग) परामर्श सेवा तथा प्राविधिक अध्ययन अनुसन्धान**

**निवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु :**

१. फर्म, व्यवसाय दर्ता प्रमाणपत्रको (नविकरण भएको) प्रमाणित छाँया प्रति ।
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित छाँया प्रति ।
३. आ. व. २०७२/०७३ को कर चुक्ताको प्रमाणित छाँया प्रति ।
४. रीत नपुगी पेश हुन आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।
५. प्राप्त निवेदनहरु स्वीकृत गर्ने/नगर्ने अधिकार यस विभागमा सुरक्षित रहनेछ ।
६. आफ्नो फर्म वा संस्थाले जुन कार्य गर्न वा सामान आपूर्ति गर्न वा सेवा प्रदान गर्न इजाजत प्राप्त गरेको हो सोही समुहको लागि मात्र सूची दर्ता गर्न सकिने छ । एक भन्दा बढी कार्यको लागि छुट्टाछुट्टै निवेदन दिई सूची दर्ता गराउनु पर्नेछ ।
७. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुनबमोजिम हुनेछ ।